# प्रथम नगरसभामा प्रस्तुत चालु आर्थिक बर्ष २०७४/०७५ को बार्षिक नीति तथा कार्यक्रम

नगरसभाबाट पारित मितिः २०७४।०५।१४

## महालक्ष्मी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय

जितपुर, धनकुटा

*कृषि, उद्यम, व्यापार, पर्यटन, र स्वरोजगार*
*स्वास्थ, शिक्षित, सवल र समृद्ध महालक्ष्मी नगर ॥*

# महालक्ष्मी नगरपालिका जितपुर, धनकुटाको प्रथम नगरसभामा प्रस्तुत चालु आर्थिक बर्ष २०७४/२०७५ को बार्षिक नीति तथा कार्यक्रम

नेपालको संविधान अनुसार स्थानीय तहको निर्वाचनबाट सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले निर्वाचित महालक्ष्मी नगरपालिकाको यस गरिमामय ऐतिहासिक प्रथम नगर अधिवेशनका सभाध्यक्षज्यू सर्वप्रथम महालक्ष्मी नगरपालिकाका प्रथम निर्वाचित पदाधिकारीज्यूहरूलाई म नगरकार्यपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु । साथै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२०७३ फागुन २७ गते ६ वटा गा.वि.सहरू मूर्तिढुंगा, मारेककटहरे, डाँडागाउँ, चानुवा, लेगुवा र अखौंले जितपुर समेटी महालक्ष्मी नगरपालिका घोषणा भई भरखरै विकास पथमा लम्किरहेको यस यस महालक्ष्मी नगरपालिकाका विविध समस्या, चुनौति र अवसरहरू छन भन्ने कुरा हामीमा विदितै छ । यसका वावजुद पनि यस नगरपालिका क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ निर्वाचित सभा प्रतिबद्धताका साथ लागि पर्ने विश्वास मैले लिएको छु । लामो समयको अन्तराल पछि भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरू जनताका आकाँक्षा, चाहना र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ यस प्रथम नगरपरिषद्मा आ.व. ०७४/०७५ का लागि बार्षिक नीति तथा कार्यक्रम र वजेट समेत यस सम्मानित सभा मार्फत समग्र महालक्ष्मी नगरपालिकाका नागरिकहरू समक्ष राख्न पाउँदा म आफु र यस नगर सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण महालक्ष्मी नगरबासीहरू, निर्वाचित पदाधिकारीहरू, जिल्ला समन्वय समितिका प्रमुख तथा सदस्यहरु, पूर्व जन प्रतिनिधिहरु,राजनैतिक दलका पदाधिकारीहरू, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू, नागरिक समाजका अभियन्ताहरू, शिक्षक, पत्रकार, साहित्यकार बुद्धिजिवी , समाजसेवी तथा सुरक्षाकर्मीप्रति आभार व्यक्त गर्दछु ।

नेपालको पूर्वी क्षेत्रमा अवस्थित धनकुटा जिल्लाको यस महालक्ष्मी नगरपालिका विविध सम्भावना बोकेको नगरपालिका हो । मध्यपहाडी राजमार्ग भएर राजधानी प्रवेशद्वारको रुपमा रहेको यस नगरपालिकामा आर्थिक, सामाजिक, तथा वातावरणीय दृष्टिकोणबाट नमूनाको रुपमा विकास गर्न सकिने प्रवल सम्भावनाहरूरहेका छन् । सबै प्रकारको प्राकृतिक विविधता बोकेको यस नगर क्षेत्रमा कृषि र पर्यटनलाई नमुनाको रुपमा विकास गरी समग्र नगरको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनीय योगदान हुने सम्भावना देखेको छु । जसको लागि नगरको रणनीतिक विकास योजना बनाई आगामी दिनमा अगाडि बढाइनेछ । यसका साथ साथै समग्र नगरको एकिकृत विकास योजना तयार गरी स्पष्ट लक्ष्य र उद्देश्यका साथ परिणाममुखी भई अगाडि बढन आफू प्रतिवद्ध रहेको व्यहोरा यस सम्मानित सभामार्फत समग्र महालक्ष्मी नगरबासीहरूमा प्रतिबद्धता जाहेर गर्न चाहन्छु ।

अध्यक्ष महोदय,
हामी सबैलाई थाहा छ हाम्रा चाहना र आवश्यकताहरू असिमित छन तर स्रोत र साधनहरू सिमित छन । उपलब्ध सिमित स्रोत र साधनबाट समग्र नगरको र सम्पूर्ण नागरिकहरूको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता हो । यस तर्फ सम्पूर्ण सदस्यज्यूहरूको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

अध्यक्ष महोदय,

अब म यस महालक्ष्मी नगरपालिकाको **योजना, बजेट तथा कार्यक्रम तर्जुमाको** लागि अबलम्बन गरिएका विधि र पद्धति बारेमा व्याख्या गर्न चाहन्छु । जसमा,

१. नेपालको संविधानले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरू र स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने भनि संविधानले परिभाषित गरेका अधिकारका क्षेत्रहरू ।
२. हाल स्थानीय तह संचालन ऐन विधेयकको रुपमा संसदमा विचाराधिन रहेको परिप्रेक्षमा अन्य कुनै पनि ऐनबाट स्थानीय तहको कार्यसञ्चालन तथा नियमन गर्ने व्यवस्था भइनसकेको संक्रमणकालीन स्थितिमा नेपाल सरकारबाट समय समयमा जारी भएका कार्यकारी आदेश तथा निर्देशनहरू ।
३. दीगो विकासका लक्ष्य तथा त्रि-बर्षिय राष्ट्रिय योजनाले निर्धारण गरेका प्रमुख क्षेत्रहरू ।
४. वडा स्तरीय योजना तर्जुमा भेला, विषयगत समिति तथा योजना तर्जूमा समितिबाट सिफारिस भइ आएका योजनाहरू ।
५. राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरू ।
६. बजेट तथा कार्यक्रम तर्जूमा समितिका निर्णयहरू ।
७. विकासका समसामयिक मुद्दाहरू जस्तैः सामाजिक सुरक्षा, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री र वातावरणमैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरूलाई लिइएको छ ।

अध्यक्ष महोदय,

उपलब्ध सिमित श्रोत साधनलाई उपयोग गरी दीगो र भरपर्दो विकास गर्नु हाम्रो प्रतिवद्धता हो । यसो गर्न हामीले योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतापूर्वक क्रमशः कार्यान्वयन गर्दै लैजानुपर्ने वाध्यता भएकोले सोको लागि सालबसाली रुपमा अयोजनालाई विभाजन गरी प्राथमिकताका क्षेत्रहरूको पहिचान गर्नुपर्ने आजको आवश्यकता हो । सोही सिद्धान्त अनुरुप हामीले योजना तथा कार्यक्रमहरू छनौट गर्दा देहायका आधारहरू तय गरी सोही अनुरुप योजना तथा कार्यक्रम छनौट गरेका छौ ।

आधारहरूः

१. आर्थिक विकासका नयाँ ढोका खोल्न सक्ने सम्भावित क्षेत्रहरू, जस्तैः कृषि, सडक, उद्योग, पर्यटकीय मार्ग, खानेपानी आदि ।
२. पिछडिएका क्षेत्र, वर्ग र समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने र नयाँ रोजगारीको श्रृजना हुन सक्ने योजना तथा कार्यक्रमहरू ।
३. स्वास्थ्य र शिक्षाको उपलब्धता तथा गुणस्तरीयतामा अभिबृद्धि हुने कार्यक्रमहरू ।
४. महिला तथा बालबालिकाहरूलाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरू ।
५. वातावरण संरक्षण तथा प्रवर्द्धन हुने कार्यक्रमहरू ।
६. विपदबाट कम क्षति पुग्ने र विपदको समयमा उद्दार गर्न सघाउ पुग्ने योजना तथा कार्यक्रमहरू ।
७. दलित, पिछडा वर्ग, जनजाति, सिमान्तकृत समुदायको रोजगारी तथा प्रतिनिधित्वलाई टेवा पुऱ्याउने योजना तथा कार्यक्रमहरू ।
८. अधुरा र क्रमागत योजनाहरूलाई पुरा गर्ने वजेट तथा कार्यक्रमहरू ।
९. निजी क्षेत्रसँग साझेदारी गरेर काम गर्ने वातावरण तयार गर्ने ।

अध्यक्ष महोदय,

अब म यस महालक्ष्मी नगरपालिकाको आगामी आ.व. २०७४/२०७५ को नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस नगरपालिकाको दीर्घकालीन सोंच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objective) र अपेक्षित उपलब्धिको बारेमा संक्षिप्त प्रस्तुति गर्दछु ।

**महालक्ष्मी नगरपालिकाको दीर्घकालीन सोंच (Vision) :**
जैविक *कृषि, उद्यम, व्यापार, पर्यटन, र स्वरोजगार : स्वास्थ्य, शिक्षित, सवल र समृद्ध महालक्ष्मी नगर*
यस महालक्ष्मी नगरपालिकाको दीर्घकालीन सोच रहेको छ ।

**लक्ष्य (Goal):** जैविक कृषि उत्पादन, पशुपालन, पर्यटन, व्यापार, लघु उधोग बाट नागरिकको आयस्तरमा उल्लेखनीय रुपमा बृद्धि गर्दै पाँच बर्ष भित्रमा मध्यम आय भएका देशका नागरिक सरह बनाउने ।

**उद्देश्य (Objective):**

- कृषि व्यवसाय, पर्यटन, उद्योग तथा व्यापारलाई सहयोग पुग्ने गरी महालक्ष्मी नगर रिङरोडको निर्माण गर्ने ।
- जैविक कृषि उत्पादन क्षेत्र घोषणा गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकको नमूना गन्तव्य बनाउने ।
- सबै वडा कार्यालयहरूलाई सधै यातायात संचालन हुने गरी सडक संजालले जोड्ने र क्रमशः सडकहरू ग्राभेल र कालोपत्रे गर्ने ।
- एक स्थानीय तह एक उत्पादन क्षेत्रको अबधारणा अनुरुप उत्पादन क्षेत्रको घोषणा गरी राष्ट्रिय भु-उपयोग नीति २०७२ अनुसार कृषि, आवासिय, व्यवसायिक, औधोगिक, खानी तथा खनिज, वन, नदी तथा ताल तलैया र आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्रमा जमिनको विभाजन गर्ने ।
- नगरपालिकाको उपयुक्त क्षेत्रमा उच्च शिक्षा प्रदान गर्ने प्राविधिक शिक्षालयको स्थापना गर्ने ।
- नगरपालिकामा रहेका स्वास्थ्य केन्द्र र अस्पतालहरूलाई स्तरोन्नती गरी सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्ने ।
- सवै वडामा सञ्चालित विद्यालयहरूमा प्राविधिक र गुणस्तरीय शिक्षाको प्रत्याभुति दिलाउने ।
- सवै घरमा एक घर एक धारा स्वच्छ पिउने पानी पुर्‍याउने अबधारणा अनुरुप सबै घरमा खानेपानी उपलब्ध गराउने ।
- पूर्ण सरसफाइयुक्त नगर निर्माण गर्ने ।
- बालमैत्री र वातावरणमैत्री नगर निर्माण गर्ने ।
- नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन गर्दै उक्त कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरूबाट पारदर्शीता एवम् स्थानीय सुशासन कायम गर्न प्रथम मेयर सुशासन कार्यक्रम लागु गर्ने ।
- व्यवसाय गर्न प्रोत्साहन गर्दै सबै युवाहरूलाई स्वरोजगार बनाउन महालक्ष्मी कृषि आधुनिकीकरण तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम लागु गर्ने ।
- गरिब, दलित, जनजाति, अपाङ्ग, महिलाहरूको सीप विकास मार्फत आत्मनिर्भर बनाउन प्रथम उपमेयर जीविका जागरण कार्यक्रम लागु गर्ने,
- घरेलु हिंसा, महिला हिंसा मुक्त नगर निर्माण गर्ने,

अपेक्षित उपलब्धिः

- आगामी पाँच बर्ष भित्र नगरबासीको प्रति व्यक्ति औसत आम्दानी (Per Capita Income) १५०० अमेरिकी डलर पुग्नेछ ।
- नगर वासीको औसत आयु ७३ बर्ष पुग्नेछ ।
- बाल मृत्युदर र मातृ मृत्युदर न्यून हुनेछ ।
- पूर्ण साक्षर नगर हुनेछ ।
- वालश्रम मुक्त र वातावरणमैत्री हरित शहर निर्माण हुनेछ ।
- घरेलु हिंसामुक्त नगर बन्ने छ ।

**महालक्ष्मी नगरपालिकाको अगामी ५ वर्षे योजना तथा रणनीतिहरू:**

**आर्थिक विकास सम्बन्धि नीति**

**कृषि:**

- कृषि यस नगरपालिकाको मुख्य जीविकाको आधार हो । यस क्षेत्रको संभावना अध्ययन गरी क्षेत्रगत बालीहरूको उत्पादनको लागि आधार तयार गरिने छ ।
- कृषिक्षेत्रलाई अगाडि बढाउन केन्द्र तथा प्रदेश सरकारसँग सहकार्य गरी स्थानीय बिउबिजनको संरक्षणको लागि विउ बैंकको स्थापना गरी स्थानीय प्रजातिका बिउहरूको संरक्षण गरिने छ ।
- एक वडा एक कृषि प्राविधिकको व्यवस्था गरी कृषि सम्बन्धि समस्याहरूलाई समाधान गरिने छ ।
- कृषिको संभावित क्षेत्रलाई पकेट क्षेत्रको रुपमा घोषणा गरी उत्पादनलाई बृद्धि गरिने छ ।
- व्यावसायिक कृषि कार्यमा संलग्न कृषकहरूको पहिचान गरि अगुवा कृषकको समूह निर्माण गरि कृषिको उत्पादकत्वलाई बृद्धि गर्न प्रोत्साहन गरिने छ ।
- कृषियोग्य भूमिमा उत्पादकत्व बढाउन माटो परीक्षण गर्ने नीति लिईने छ ।
- कृषकहरूलाई ऋण प्रवाह गर्ने वातावरण बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी अगाडि बढाईने छ ।
- कृषि उत्पादन सामग्रीहरूको प्रदर्शन गर्न कृषि प्रदर्शनी मेलाको आयोजना गरिने छ ।
- कृषिजन्य उपजहरू बादर लगायत अन्य वन्यजन्तुहरूबाट जोगाउन केन्द्र तथा प्रदेश सरकार सँग समन्वय गरी नियन्त्रणको नीति लिईने छ ।

- कृषिजन्य उपजहरु वन्यजन्तुहरुबाट जोगाउन केन्द्र तथा प्रदेश सँग समन्वय गरी नियन्त्रणको नीति लिईने छ ।
- भूमिहीन सुकुम्बासी किसानहरुलाई व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ ।
- कृषिजन्य उत्पादन खाद्यन्नको रुपमा प्रयोग हुने हुँदा अबको कृषि उत्पादनमा विषादीरहित वा आर्गनिक खेती तर्फ कृषकलाई उत्साहित गरिने छ । साथै कृषि उत्पादनमा अनुदान दिने नीति अबलम्बन गरिने छ ।

**पशुपालन:**

- पशुपालनको दृष्ट्रिले महालक्ष्मी नपा अतिनै संभावित क्षेत्र हो । यस नपालाई पशु विकासको पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- लेगुवा बजार र चित्रे बजारलाई व्यवसायी नाकाको रुपमा विकास गरिने छ ।
- गोठ सुधारको कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइने छ ।
- स्वस्थ मासु विक्री वितरणको नीति अनुसार बधशाला तथा दुग्ध संकलनको लागि चिस्यान केन्द्रको स्थापना गरी बजारीकरणलाई प्राथमिकता दिइनेछ ।
- पशुको नश्ल सुधारमा ध्यान दिईने छ ।
- उन्नत जातका पशुको विकासमा जोड दिइने छ ।
- एक वडा एक पशु प्राविधिकको व्यवस्था गरी पशुपालनलाई व्यवस्थित गर्ने नीति लिईने छ ।

- दुग्धजन्य, मासुजन्य पदार्थमा आत्मनिर्भर भई दुग्घजन्य र मासुजन्य पदार्थहरू निर्यात प्रर्बधन गरिने नीति लिईने छ ।
- पशुपालन व्यवसायमा युवा तथा कृषकहरूलाई आकर्षित गरी पशुपालनमा संलग्न कृषकहरूको समूह बनाई उन्नत तथा व्यावसायिक पशुपालनको लागि प्रत्सान गर्न सहयोग गर्ने नीति अख्तियार गरिने छ ।

पर्यटनः

- पर्यटनको दृष्टिले महालक्ष्मी नगरपालिका संभावना बोकेको नगरपालिका हो । मध्यपहाडी राजमार्गले चित्रे क्षेत्रमा यस नगरपालिकालाई जोड्छ भने रामबजारमा पुन यसमार्गले हामीलाई जोड्दछ । होचो भूभाग अरुण उपत्यकाको क्षेत्रदेखि २७०० मि. अग्लो पटके डाँडा यसै नगरपालिकामा रहेको छ । लेगुवा खोलाको झरना, लक्ष्मीखोलाको झरनासम्म सडकको पहुँच पुऱ्याउने छ भने नगरपालिका तथा निजी व्यवसायीको साझेदारीमा पटके डाँडा, थाम डाँडामा भ्यू टावर निर्माण गरी पर्यटकहरूलाई आकर्षण गरिने छ ।
- यस नगरपालिका सांस्कृतिक विविधताको दृष्टिले धनी भएकोले केही वडाहरूमा होमस्टे सञ्चालन गरी आन्तरिक तथा वाह्य पर्यटक भित्रयाईने छ ।
- पर्यटकहरूलाई ध्यानमा राखी स्थानीय स्तरमा निर्मित तथा उत्पादित तथा यस नगरपालिकाको गरिमा बढाउने खालका सामग्री राख्न कोशेली घरको निर्माण गरिने छ ।
- पुरातात्विक तथा ऐतिहासिक वस्तु तथा सामग्रीहरूको संरक्षण गरिने छ । त्यस्ता सामग्रीहरूको संरक्षणको लागि एक नगरस्तरीय संग्रहालय स्थापना गरिने छ ।
- नगर क्षेत्र भित्र संभावनाको अध्ययन गरी उपयुक्त स्थानहरूमा मनोरञ्जन पार्क, चिल्ड्रेन पार्क, जेष्ठ नागरिक चौतारीहरूको निर्माण गरि पर्यटक आकर्षण गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरका सम्भावित स्थानहरुमा पर्यटन प्रवर्द्धन, दिगो सस्तो र भरपर्दो यातायातको रुपमा रोप-वे निर्माण र उपयोग गर्ने निति अवलम्वन गरिने छ ।
- पर्यटन गुरु योजना निमार्ण गरि सो आधारमा कामहरु थालनि गरिने निति बनाइ लागु गरिने छ ।

**महालक्ष्मीको जपनाः केवलकारको सपना**

- महालक्ष्मी नगरपालिका सम्भावना बोकेको नगरपालिका हो । विश्वकै होचो उपत्यका अरुणभ्याली यसै क्षेत्रबाट सुरु हुन्छ । जहा तराईको जस्तो उष्ण गर्मी पाइन्छ । साथै २७०० मि. सम्मको चिसोपन पनि यसै क्षेत्रमा पाइन्छ । साथै यसै नगरपालिकाको वडा नं ६ मा करिब ३०० वर्ष अगाडि स्थापित नागेश्वर मन्दिर पनि रहेको छ । रामबजार देखि नागेश्वर मन्दिर, सिंहदेवी हुदै पटके डाँडासम्म जनताको सेयरमा लगानी गरी केवलकारको निर्माणको सपना हामीले देखेका छौ । जसलाई हामीले दीर्घकालीन कार्यक्रकमको रुपमा लिएका छौ ।

लघु उद्यमः

- यस नगरपालिकाका जनतालाई स्वरोजगार बनाउन लघु उद्यमको विकास गरिने छ ।
- लघु उद्योगहरूको सुचना संकलन गरी व्यवस्थित गरिने छ ।
- लघु उद्यम सञ्चालन गरी ५ जना भन्दा बढी जनालाई रोजगारी दिने व्यवसायीलाई प्रस्तावनाको आधारमा प्रोत्साहन प्रदान गरिने छ ।

- कृषि, पशुपालन तथा काष्ठ उद्यमीलाई विशेष प्रोत्साहित गरिने छ ।
- स्थानीय तुलसी, तेजपत्ता, सुठो, अलैची, अदुवा आदिवाट निर्मित जडिबुटिजन्य चियाको उत्पादन गरी आयातित तथा मेसिनजन्य चियाको प्रयोगलाई प्रतिस्थापित गरिने छ ।
- स्थानीय जडिबुटि, लोक्ता, मालिंगो, अल्लो, अम्लिसो जस्ता वनस्पतिहरूबाट लघु उद्योग स्थापना गर्न विशेष जोड दिईने छ ।

**सहकारीको विकास: रोजगारको आधार**

- नगरपालिकाका प्रत्येक वडाहरूमा सहकारीको विकासलाई उचित वातावरण तयार गरिने छ । १ वडा एक विषयगत सहकारीको अवधारणालाई कार्यान्वयनका लागि दुग्घ सहकारी, कृषि सहकारी, विद्युत सहकारी, बचत तथा ऋण सहकारी, जडिबुटी सहकारी, साना किसान कृषि सहकारीको स्थापना र विकासमा विशेष जोड दिईने छ ।
- नगर क्षेत्र भित्र रहेका सहकारीहरूको तथ्याङ्क संकलन र अद्यावधिक गरी सहकारीलाई नियमन गर्दै सहकारीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ । यसको लागि नगर स्तरीय सहकारी संघ बनाई सहकारी प्रवर्द्धनका कर्यक्रमहरूसञ्चालन गरिने छ ।

**विविध**

- वैदेसिक रोजगारीबाट फर्केका युवाहरूलाई लक्षित गरी विदेशमा सिकेको ज्ञान, सीप र विज्ञता पुँजी सदुपयोग गर्ने गरी आय आर्जनका कार्यक्रमहरू सञ्चालन गर्न पहल गरिनेछ ।
- आर्थिक विकास योजना निर्माण गरि कार्यान्वयन गरिने छ ।

**सामाजिक विकास सम्बन्धि नीति**

**खानेपानी:**

- आगामी ५ वर्ष भित्र एक घर एक धाराको पानी उपलब्ध गराइने छ ।
- क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालयको सहकार्य तथा समन्वयमा आ.व. २०७४।०७५ मा वडा नं. १,२,३,४,५,८,९ मा खानेपानी योजना सञ्चालन गरिने छ ।
- पानीको मुहान संरक्षण गरी खानेपानीको समस्यालाई समाधान गर्ने नीति लिइने छ ।
- सम्भावना भएका ठाँउहरुका वोरिङ्ग तथा लिफि्टींग (Lifting) गरी खानेपानीको समस्या भएका ठाँउहरूमा खानेपानीको योजना सञ्चालन गर्ने नीति लिईने छ ।

**स्वास्थ्य:**

- प्रत्येक वडाहरूमा प्राथमिक स्वास्थ्य सुविधा सहितको स्वास्थ्य चौकी स्थापना गरी स्वास्थ्य सेवालाई जनताको घरआगनमा पु-याइने छ ।
- जितपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई विशेषज्ञ चिकित्सक सहितको १५ शैयाको अस्पतालको रुपमा विकसित गरिने छ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई कार्यसम्पादनको आधारमा प्रोत्साहन प्रदान गरिनेछ ।

- जेष्ठ नागरिक तथा महिलाहरूको निशुल्क स्वास्थ्य परीक्षण गर्ने नीति नगरपालिककाले अख्तियार गर्नेछ ।
- महालक्ष्मी नगरपालिकालाई ३ वर्षभित्र पूर्ण सरसफाई युक्त नगरक्षेत्र घोषणा गर्ने नीति अख्तियार गरिने छ ।
- सार्वजनिक स्थलहरूको सरसफाइ तथा संरक्षणको नीति लिईने छ ।
- प्रत्येक घरमा धुँवारहित चुलोको निर्माणमा जोड दिइने छ ।

**शिक्षाः**

- महालक्ष्मी नगरपालिकामा अवस्थित जितपुर क्याम्पसलाई बहुमुखी क्याम्पसको रुपमा अगाडि बढाईने छ ।
- वडाहरूमा अवस्थित मा. वि. हरूमा आधारभूत तह पछि प्राविधिक विषयहरूको अध्ययनमा जोड दिईनेछ ।
- विद्यालयहरूमा अंग्रेजी माध्यमबाट अध्यापन गर्ने कार्यलाई प्राथमिकता दिई अगाडि बढाईने छ ।
- नगरपालिकाको क्षेत्र भित्र संभावनाको अध्ययन गरी एक प्राविधिक विद्यालय सञ्चालनको नीति अवलम्बन गरिने छ ।
- आर्थिक रुपमा विपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने छ ।
- उच्च शिक्षाको लागि महिला, दलित, अल्पसंख्यक, आदिवासी जनजाति तथा आर्थिक रुपमा कमजोर विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- अपाङ्गता भएका विद्यार्थीहरूलाई निशुल्करुपमा उच्च शिक्षासम्म अध्ययन गर्ने व्यवस्था मिलाउन पहल गरिने छ ।
- वालविकास केन्द्रलाई शिक्षाको अनिवार्य तथा पहिलो आधारको रुपमा विकास गरिने छ ।
- नगरपालिका तथा वडा कार्यालयबाट नियमित विद्यालयको अनुगमन मूल्याङ्कन गरी उत्प्रेरणा र सवलीकरणको नीति अपनाईने छ ।
- सुस्त अपाङ्गता तथा बहु अपाङ्गता भएकाहरू अध्ययन गर्ने विद्यालयलाई संरक्षण तथा सहयोग पुर्‍याइने छ ।
- विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण स्थापना गर्न सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टा छुट्टै शौचालय, खेल मैदान, खेलकुद सामग्री आदिको व्यवस्था जस्ता न्यूनतम पूर्वाधारमा ध्यान दिई गुणस्तरीय पठनपाठन कार्यलाई अगाडि बढाईने छ ।
- विद्यालय भर्ना दर वृद्धि गर्ने तथा छोड्ने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । साथै सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा अनौपचारिक शिक्षाको कक्षा सञ्चालन गरिने छ ।
- कक्षा अनुसारको शिक्षक दरबन्दीको व्यवस्था गर्ने नीति लिईनेछ ।
- हरेक मा. वि. मा विज्ञान प्रयोगशालाको सुविधा सहित शिक्षण कार्यलाई प्रभावकारी बनाउने नीति लिईने छ ।

**पुरातात्विक तथा धार्मिक स्थल**

- पुरातात्विक तथा धार्मिक स्थलहरूको संरक्षण तथा विकासमा जोड दिइने छ ।
- नगरपालिका अन्तर्गत रहेका धार्मिक मन्दिर, गुम्बा, चर्च, देवीस्थान, प्रकृति पुजकको धार्मिक स्थल, गुफा, चौतारो आदिको संरक्षण तथा विकास गरिनेछ ।
- यस्ता ऐतिहासिक तथा धार्मिक वस्तु तथा स्थानहरूको प्रचार प्रसार गर्न ई- डकुमेन्ट्री निर्माण गर्न प्रोत्साहित गरिने छ ।
- नागेश्वर मन्दिर, कालिका मन्दिर, मूर्तिमहेश्वर मन्दिर, सिंहदेवी मन्दिर, धर्मदेवी मन्दिर, अरुण विश्रान्ति मन्दिर आदि मन्दिरहरूको संरक्षणमा विशेष ध्यान दिईने छ ।
- महालक्ष्मी नगरपालिकामा रहेका बौद्धगुम्बाहरूको संरक्षण कार्यलाई अगाडि बढाईने छ ।
- ऐतिहासिक कालीपोखरीलाई संरक्षण गरी पटके डाँडा लगायतका सम्भावित क्षेत्रहरुमा धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।

**पुस्तकालय तथा ई-लाईब्रेरीः**

- नगरस्तरीय एक पुस्तकालयको स्थापना गरी सञ्चालन गरिने छ । पुस्तकालयलाई आधुनिक तथा प्रविधियुक्त बनाई ई-लाईब्रेरीको अवधारणालाई वडास्तरसम्म विस्तार र सञ्चालन गरिने छ ।
- एक विद्यालय एक पुस्तकालयको नारालाई कार्यान्वयन गर्ने दिशामा अगाडि बढाइने छ ।
- आदिवासी जनजातिको विशेषता झल्किने वस्तु , सामग्री तथा पुस्तकहरूको संरक्षण तथा सकलन गर्न आदिवासी, जनजाति संग्रहालय स्थापना गरिने छ ।
- नगरस्तरीय संग्रहालय स्थापना गरी नगरभित्र तथा अन्य क्षेत्रका महत्वपूर्ण वस्तु तथा सामग्रीको संरक्षण गरिने छ ।

**बैदेसिक रोजगारः**

- बैदेसिक रोजगारमा जाने व्यक्तिलाई उचित सीप तथा क्षमताको विकासमा ध्यान दिइ सुरक्षित बैदेसिक रोजगारलाई ध्यान दिइने छ ।
- नगर क्षेत्रवाट विदेशमा रहने यस क्षेत्रका दाजुभाई दिदीबहिनीलाई यस क्षेत्रको विकासमा सहभागिताको लागि सहकार्यको उपयुक्त वातावरण निर्माण गरि व्यवसायीलाई प्रोत्सान गर्ने निति लिइने छ ।

**युवा तथा खेलकुदः**

- विकास, अनुशासन र गतिशीलताको लागि खेलकुद भन्ने नारालाई मूर्तरुप प्रदान गर्न यस नगरपालिकाले खेलकुद क्षेत्रलाई विशेष जोड दिनेछ ।
- सवै वडाहरूमा एक वडा एक खेलकुद मैदान निर्माणलाई प्राथमिकता दिइने छ ।
- खेलकुदको विकासको लागि बिद्यालय देखि नै निश्चित योजना र कार्यक्रम बनाई राष्ट्रिय स्तरका खेलाडीको उत्पादन गरिने छ ।
- नगरस्तरीय खेलकुद मैदानको लागि खेल मैदानको खोजी तथा निर्माण गरी खेलकुद विकासलाई प्राथमिकता दिईने छ ।
- प्रत्येक वडाहरूमा युवाक्लव स्थापना गरी नगरको विकासमा युवाहरूको परिचालन गर्ने नीति लिईने छ ।

**बालमैत्री स्थानीय शासनः**

- आगामी तिन वर्ष भित्र यस नगरपालिकालाई स्थानीय बालमैत्री नगरको रुपमा घोषणा गरिने छ ।
- प्रत्येक वडाहरू र माद्यमिक विद्यालयहरुमा वाल क्लव स्थापना गरी युवा विद्यार्थिहरूको विकास र परिचालन गर्ने नीति लिईने छ ।

**विविध**

- भुकम्पबाट क्षति भएका निजी घर, विद्यालय आदि भवनहरू पुनर्निर्माणको लागि राष्ट्रिय पुननिर्माण प्राधिकरणसँग समन्वय गरी तदारुकताका साथ उक्त भवनहरू निर्माण गर्न राहत वितरणको पहल गरिनेछ ।
- लक्षित वर्गहरूलाई विकासको मूल प्रवाहमा ल्याउन र विकासमा सहजीकरण गर्न आवश्यकता अनुसार नगरपालिकामा महिला समन्वय समिति, युवा समन्वय समिति, बालबालिका समन्वय समिति, दलित, आदिवासी जनजाति, अपांग समन्वय समितिहरू गठन गरी लक्षित वर्गको लागि सञ्चालन भएका कार्यक्रमहरूको अनुगमन तथा मुल्यांकनमा सहयोग पुर्‍याइने छ ।
- नगर क्षेत्र भित्र संभावनाको अध्ययन गरी मनोरञ्जन पार्क, चिल्ड्रेन पार्क, जेष्ठ नागरिक चौतारीहरूको निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।

**पूर्वाधार विकाससम्बन्धि नीतिः**
**सडकः**

- यो वर्ष महालक्ष्मी नगर पालिकाको पूर्वाधार विकासको वर्ष हुने छ ।
- एकीकृत शहरी विकास योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- सडक निर्माणको लागि नगरपालिकाभित्र नगर गुरु योजना (Road Master Plan) निर्माण गरी कार्यान्वयन गरिने छ ।
- नगरपालिकाको क्षेत्रभित्र निर्माण भईसकेका र नयाँ निर्माण हुने घरको नक्सापास गर्ने कार्य अनिवार्यरुपमा लागू गरिने छ ।
- यस नगरपालिकाका सडकहरू निर्माण गर्दा मुख्य सडकको चौडाई १४ मि. र मध्यम स्तरका सडकहरुको १० मि. सहायक सडकको चौडाइ ६ मि. हुने नीति लिईएको छ ।
- **निम्न सडकहरूलाई मुख्य सडकको रुपमा लिईनेछ :**
    - त्रिसुले-जितपुर सडक
    - सिधुवा-मूर्तिढुंगो-जितपुरे-रामबजार सडक
    - दाह्रेगौडा-मारेक लेगुवाघाट सडक
    - मुठे डाडागाँउ चानुवा राम वजार
    - आहाले खाप्राङ्ग डाडागाँउ सडक

**निम्न सडकहरूलाई मध्यम सडकको रुपमा लिईनेछ :**

- जितपुरे-आन्द्रुङ्ग-हलेदे हुँदै चानुवा जोड्ने सडक

- जितपुर याङ्लाबुङ्ग-मचेपे-मुलखर्क-डाँडागाँउ सडक
- जितपुर-ढोडे-मारेक-कटहरे-चानुवा सडक
- चित्रे-पारिखाप्राङ-कटहरे सडक
- लहरेबर हुँदै छथर गाँउपालिका र पाखिवास न.पा. जोड्ने सडक
- माङमाया सिम्ले, मुगालीगाउँ, याङ्गपाङ्ग, अखौले, कोलचौर, गणेशटार, आहाले, निगुरे, खापराङ्ग, मुलखर्क, डाडागाँउ, चानुवा, रामबजार, माङमाया सडकलाई महालक्ष्मी जोड्ने चक्र पथ (Ring Road) को रुपमा विकसित गरिने निति लिइने छ ।

यी माथिका मुख्य सडकबाट खोलिएका मार्गहरू सहायक सडकको रुपमा विकसित गरिने छ जसको चौडाई ६ मि. बनाउने नीति रहेको छ ।

- बसन्तपुर-घुमाउने-तेलुंग सडक
- ओखे-नागेश्वर-लक्ष्मी खोला जोड्ने सडक लगायत नगरमा खोलिएका सडकहरु ।
- नगर भित्र खोलिएका सम्पुर्ण सहायक सडकहरु

- यस महालक्ष्मी नगरपालिकाको सम्पूर्ण वडाहरूजोड्ने प्रमुख तथा सहायक सडकलाई All weather Roads को रुपमा निर्माण तथा विकास गरिनेछ ।
- त्रिसुले-जितपुर खण्डको माङमाया खोलामा पक्कि पुल निर्माण सम्पन्न गरिनेछ ।
- निगुरीटार-मारेककटहरे-डाडागाँउ जोड्ने लक्ष्मी खोलाको सडकमा कज्वे निर्माण सम्पन्न गरिनेछ ।
- लेगुवा खोलामा पक्कि पुल निर्माण गरिने छ ।
- नगर गुरु योजना बाहेकका सडकहरूको नयाँ ट्याक खोल्न बन्द गरिने छ ।
- खोलिएका सडकका ट्र्याकहरूलाई विस्तार र वातावरणमैत्री बनाईनेछ ।
- सबै वडा बाह्रै महिना सडक सञ्चालन हुने गरी सडकको स्तरोन्नति गर्दै जाने अवधारणा अनुसार वडा केन्द्र सम्म पुग्न बाटो फराकिलो पार्ने, ग्राभेल गर्ने, नालाहरू निर्माण गर्ने जस्ता कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

**विद्युत्: नविकरणीय बैकल्पिक उर्जाको विकास र उपयोग :**

- हाम्रो महालक्ष्मी नगर क्षेत्रमा रहेका संभावित सवै जलस्रोतको अधिकतम उपयोगको लागि संभाव्यता अध्ययन गर्ने गराउने, पहिले भएका र अव गरिने संभाव्यता अध्ययनका आधारमा लघु तथा साना जलविद्युत परियोजनाहरुको सर्वेक्षण, उत्पादन, प्रशारण र वितरणको उचित प्रवन्ध गर्दै त्यसवाट अधिकतम उपयोगिता र लाभ लिदैं उद्यम व्यवसायको प्रवर्द्धन गरि दिगो व्यवसायिकरणवाट आय आर्जन बृद्धि गर्दै असहज जीवनपद्धतिलाई सहजता, सुविधायुक्त र स्तरिय जीवन पद्धतिमा रुपान्तरण गर्न अधिकतम प्रयत्न गर्दै तदनुसारका कार्यक्रमहरु र योजनाहरु तजुर्मा गरि कार्यान्वयन गर्ने र सवै घर परिवार, संघ संस्था, उद्योग व्यवसाय, सेवा प्रदायकहरु र सरोकारवाला पक्षहरुलाई आबश्यक पर्ने जति मात्रामा गुणस्तरिय विद्युत शक्ति वा उर्जा आपूति गर्ने सुनिश्चितता गरिनेछ ।
- नेपाल सरकार, प्रदेश सरकारको प्रचलित कानून र नीतिको परिधिमा रहेर संभव भए सम्म स्थानीय नगर सरकार र सहकारी संस्थाको दिर्घकालिन साझेदारी अघि बढाउने, यथासंभब स्थानीय इच्छुक नागरिकहरु र नीजी क्षेत्रलाई समेत उत्प्रेरित गर्दै यो महालक्ष्मी नगरक्षेत्रमा संचालित लघु जलविधुत आयोजना, लेगुवाखोला-१ साना जलविद्युत परियोजना, सोही वडाको भाङ्गटार नजिकै लेगुवा-२ साना जलविद्युत परियोजना र अन्य सम्भावित ठाँउहरुमा विधुत उत्पादन प्रवर्द्धन यथासक्य सिघ्र सम्पन्न

गर्न बातावरण र अनुकुलता प्रदान गर्न आवश्यक सहयोग पुऱ्याउने नगरपालिकाका तर्फवाट पनि संभव हुन सकेमा जलविद्युतको उत्पादन र व्यापारमा शेयर खरिद गरि नाफा-नोक्सानमा हिस्सेदार हुने गरि लगानी गरि यो नगरपालिकालाई पनि साझेदार बनाउने प्रयास गरिनेछ।

- सौर्यउर्जा, वायुउर्जा र बायोग्यास लगायतका बैकल्पिक नवीकरणीय उर्जाको संभाव्यता अध्ययन गराई त्यसका आधारमा नविकरणीय बैकल्पिक उर्जा उत्पादन गर्ने, उत्पादित उर्जाको व्यवसायिक प्रशारण र न्यायोचित वितरण गरि उर्जालाई बहुपयोग गरेर बिविध पेशाका क्षेत्रमा व्यवसायिक प्रवर्द्धन गर्ने कार्यहरु गरिनेछ। साथै विभिन्न बजार क्षेत्रहरु, घनाबस्ती भएका टोलहरु, नयाँ स्थापित गरिने मिनी शहरहरु, औद्योगिक क्षेत्रहरु, पर्यटन प्रवर्द्धन हुने क्षेत्रहरु, कोशी हाई-वे का बजार वा वस्तीहरु, सार्वजिनिक विद्यालय र क्याम्पसहरु, महत्वपूर्ण चौकहरु, अपठेरो पदमार्गहरु र महत्वपूर्ण पुलहरुमा पनि सौर्यपोल लैम्पको प्रवन्ध गरिनेछ र त्यसको उचित व्यवस्थापन गर्ने कार्य स्थानिय समुदाय, वैदेसिक नियोग, दातृ एवम् वित्तिय निकायसँग सहकार्य गर्ने निति लिइने छ।
- महालक्ष्मी नगरपालिकाका सबै वडाहरूको अपुरो विद्युतलाई दुई वर्ष भित्र पुरा गरिनेछ।
- पुराना काठका पोलहरूलाई विस्थापित गरी फलामे पोल तथा कक्रिट पोलहरूमा रुपान्तारण, विस्तार गरिने छ। ट्रान्सफमरहरुको  क्षमता वृद्दि गरिने छ।

**सिचाई:**

- सिचाईको सम्भावना बोकेका वडाहरूमा कुलो, नहर तथा पाईपद्धारा सिचाईको व्यवस्था गरिनेछ।
- पुराना सिचाईका योजनाहरूलाई सम्भावनाको आधारमा अगाडि बढाइने छ।

**नगरपालिका भवनः**

- नगरपालिकाको कार्यालयको भवन निर्माणको लागि जग्गादातालाई प्रोत्साहन गरी निशुल्क जग्गा प्राप्ति गर्ने नीति अवलम्बन गरिने छ।
- महालक्ष्मी नगरपालिकाको कार्यालयको लागि उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी ३ वर्ष भित्रमा सामुदायिक हलसहितको भवन निर्माण गरिने छ।

**वडा कार्यालयको भवनः**

- नगरपालिकाको वडा कार्यालयको भवन निर्माणको लागि जग्गादातालाई प्रोत्साहन गरी निशुल्क जग्गा प्राप्ति गर्ने नीति अवलम्बन गरिने छ।
- महालक्ष्मी नगरपालिकाका वडाहरू क्रमशः १, २, ५ र ८ मा भवन निर्माणको लागि जग्गाको व्यवस्था गरी सभाहल सहितको कार्यालय भवन २ वर्ष भित्र निर्माण गरिने छ।
- साविक भवनहरूमा मिटिङ हल तथा अतिथि कक्षको निर्माण गरिने छ।

**विमानस्थलको संभावनाः**

- महालक्ष्मी नगरपालिका १ घुमाउने, चानुवा र डाँडागाउ विचमा पर्ने थाम डाँडा लगायत ठाँउमा विमानस्थलको लागि सम्भावित स्थल रहेको छ। धनकुटा, तेह्रथुम, भोजपुर र संखुवासभाको वीच भागमा पर्ने यस क्षेत्रलाई विमानस्थलको रुपमा अगाडि बढाउन केन्द्र तथा प्रदेश सरकारलाई आह्वान गर्ने योजना रहेको छ।
- महालक्ष्मी नगरपालिकामा  पर्यटन प्रवर्द्धनको लागि संभावित स्थानहरूमा हेलीप्याडको स्थापनाका लागि सम्भावना अध्ययन गरिने छ।

**विविध**

- महालक्ष्मी नगरपालिकाको विकासमा सहयोग गर्न देशी विदेशि लगानि कर्ता दात्रि निकाय विभिन्न संघ संस्था लगानीकर्ताहरूलाई आकर्षित गर्ने गरी विकासका पूर्वाधारहरू निर्माणलाई प्राथमिकता दिइने छ। र लगानि कर्ता र सहयोगि निकायहरुलाई महालक्ष्मीको विकास प्रकृयामा सहभागि वन्न आवाहन गर्ने निति तय गरिएको छ।
- महालक्ष्मी नगरपालिकामा आवात जावत सहजताको लागि झोलुंगे पुल निर्माणको लागि उच्च प्राथमिकता दिइने छ।
- महालक्ष्मी नगरमा ५ वर्ष भित्र आफ्नै लगानीमा एफ्.एम् रेडियो सञ्चालन गरी नगरका विविध गतिविधि बारेमा सु-सूचित गर्ने नीति अख्तियार गरिने छ।
- महालक्ष्मी नगरपालिकाको बजारक्षेत्रमा ल्याण्डलाईन टेलिफोन विस्तारको लागि पहल गरिने छ।
- महालक्ष्मी नगरपालिकाको वडाहरूमा नेट सञ्चालनको लागि अप्टिकल फाईवर विछ्याउन पहल गरी सूचना तथा सञ्चारमा नमूना नगरको रुपमा विकास गरिने छ।

**वातावरण तथा विपद् व्यवस्थापनसम्बन्धि नीति**

**विपद् व्यवस्थापनः**

- यस महालक्ष्मी नगरपालिकाको समग्र विकास र प्रगतिसँग वातावरण जोडिएको हुँदा यस नगरलाई वातावरण मैत्री नगर घोषणा गर्ने गरी यसै आ.व. ०७४।०७५ बाटै वातावरणमैत्री विकास निर्माणका कार्यक्रमहरू सञ्चालन गर्ने नीति तय गरी लागू गरिने छ। सोका लागि आवश्यक स्रोत साधन तथा प्राविधिक सहयोगलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य तथा साझेदारीमा विविध कार्यक्रमहरू सञ्चालन गरिने छ।
- विकासलाई विपद् जोखिमसँग जोडी विपद् प्रतिरोधात्मक संरचनाको निर्माण गर्ने नीतिलाई तदारुकताका साथ अगाडि बढाइने छ। विपद्का संभावित क्षेत्र पहिचान गरिने छ।

**वन क्षेत्रको विकासः**

- यस क्षेत्रको विकास गर्दा वातावरणीय पक्षलाई ध्यानमा राखिने छ। वन संरक्षण, निजी वन संरक्षण तथा सामुदायिक वनलाई सदस्यहरूको अपनत्वबोध हुने गरी बन संरक्षण तथा व्यवस्थापन गर्ने नीति लिईने छ।
- वनपैदावर सँग सम्बन्धित उद्योग संञ्चालन गर्नेलाई प्रोत्साहित गरिने छ।
- सामुदायिक वन र सामुदायिक वन भित्रका खालि जग्गालाई व्यवस्थापन गरिने छ।

**जलवायु परिवर्तन तथा वातावरण संरक्षण**

- जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्दै अनुकुलनका कार्यक्रमलाई अगाडि बढाईने छ।
- विपद्जन्य घटनाहरूको प्रभावित जनसमुदायलाई उद्धार, राहत तथा पुनर्स्थापनाका लागि वडा वडामा एक विपद्व्यवस्थान युनिट खडा गरी विपद्का घटनालाई न्यूनीकरण गरिने छ। साथै नगरस्तरीय विपद् व्यवस्थापन समिति निर्माण गरी विपद्जन्य घटनाहरूको व्यवस्थापन गरिने छ।
- एक वडा, एक पोखरी निर्माणको अभियानलाई अगाडि बढाइने छ। कालीपोखरी, थाम डाँडामा रहेको पोखरी, आहाल डाँडामा रहेको पोखरी, लेगुवामा रहेको पोखरीहरूको संरक्षण तथा सम्बर्द्धन गरिने छ।
- भूउपयोग सम्बन्धी दीर्घकालीन नीति बनाई बाझो जमिनको सही सदुपयोग गर्ने नीति अख्तियार गरिनेछ।
- सुकुम्बासी भुमिहीन र अव्यवस्थित बसोवासलाई उचित व्यवस्थापन गरिनेछ।

- वातावरणमैत्री  नगरको रुपमा यस नगरलाई विकसित गरिनेछ ।
- नगर भित्र रहेका सार्वजनिक जग्गाहरू गौचरण, जंगल, बाटो, पाटी, पौवा, मठ, मन्दिर, गुम्बा, चर्च, पोखरी, चौतारो, घाट लगायतका क्षेत्रहरूको संरक्षण गरिने छ ।
- विपद्‌जन्य घटनाहरूको न्युनीकरण गर्न ५ वर्ष भित्र नगरक्षेत्रमा वारुणयन्त्र सञ्चालन गर्ने नीति लिइने छ ।
- नगर क्षेत्रभित्र हरियाली प्रवर्द्धन गर्न खाली स्थानहरूको छनौट गरी वृक्षरोपण गरिने छ ।
- नगर क्षेत्रभित्र फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिलसाइटको निर्माण गरी फोहोरमैलाको व्यवस्थापन गर्ने नीति लिइने छ ।
- महालक्ष्मी नपाको वडा नं. ५ र ६मा रहको गुठी जग्गा प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गरी व्यवस्थापन गर्न पहल गरिने छ ।

## सस्थागत विकास, सेवा प्रवाह र सुशासनसम्बन्धि नीति

**सस्थागत विकासः**

- नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकारको पूर्ण उपयोग तथा परिपालना गर्न महालक्ष्मी नगरपालिकाको लागि उपयुक्त नियम, विनियम तथा कार्यविधि र निर्देशिकाहरू तयार गरी लागु गरिने छ ।
- सेवा प्रवाहलाई छिटो छरितो बनाउन वडाकार्यालयहरूलाई भौतिक सुविधा सम्पन्न बनाइ सेवा प्रवाहलाई व्यवस्थित गरिने छ ।
- वडा कार्यालय तथा नगरपालिकाको कार्यालयमा आवश्यक संख्यामा सक्षम, प्रतिबद्ध तथा तटस्थ कर्मचारीहरूको व्यवस्था गरी सेवा प्रवाह गरिने छ ।
- आन्तरिक स्रोत र साधनको पर्याप्तताको हुँदै गएको अवस्थामा नेपालको संविधानको धारा २८५ अनुसार स्थानीय तहमा सरकारी सेवाको गठन गरी  स्थानीय कर्मचारीको गठन गरी सेवा प्रवाह गर्ने नीति लिईने छ ।
- वडा कार्यालयमा कार्यरत कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनको अभिवृद्धिमा ध्यान दिइने छ । कार्यसम्पादन मूल्यांकन गरी सुचकको आधारमा कर्मचारीलाई  थप प्रोत्साहन उपलब्ध गराईने छ ।
- वर्तमान संविधानले गरेको व्यवस्था अनुरुप नगरपालिकाबाट सम्पादन हुने न्याय प्रणालीलाई सरल र सहज तुल्याई सबैको पहुँचमा पर्‍याइने छ । नगर उपप्रमुखको संयोजकत्वमा गठन हुने न्यायिक समितिलाई श्रोत, सधानयुक्त बनाई अगाडि बढाईने छ ।
- नगरपालिका कार्यालय र वडा कार्यालयहरूमा सबै सार्वजनिक निकायहरूमा नागरिक वडापत्र तयार गरी कार्यान्वयनमा ल्याईनेछ । तोकिएको समयमा सेवा प्रवाह गर्ने व्यवस्था गरिने छ ।
- नगरपालिकाबाट सञ्चालन हुने सबै प्रकारका योजना, आयोजना तथा कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन गर्दै उक्त कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरूबाट पारदर्शीता एवम् स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गर्न नगरपालिकाभित्र गुनासो सुन्ने अधिकारी तथा गुनासोको कारवाही गर्ने व्यवस्था गरिनेछ ।

- नागरिकको सुचनाको हकलाई प्रत्याभूत गर्न, सुचनामा सहज पहुँचको सुनिश्चितता गर्न आवश्यक सामाजिक सञ्जाल, वेभसाईट तथा अन्य विद्युतीय प्रविधिहरूको विकास र विस्तारमा जोड दिईने छ।
- आगामी आव देखि उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी तथा संस्थाको पहिचान गरी पुरस्कृत गर्ने परिपाटिको विकास गरिने छ। त्यसैगरी उत्कृष्ट शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, आमा समुह, महिला समुह, सहकारी, कृषक समूह, टोल विकास समूह, निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई पनि पुरस्कृत गरिने छ।
- छिमेकी गाँउपालिका तथा नगरपालिकाको सहकार्यमा अन्तर सहकार्यमा स्थानीय तह साझेदारी कार्यक्रम पहिचान गरी अगाडि बढाइने छ।

**सामाजिक सुरक्षाः**

- सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित तथा सरल बनाईने छ।
- बैंकसँग सहकार्य गरी सामाजिक सुरक्षा भत्ता वडा कार्यालयमै घुम्ती बैंकिङ सेवा मार्फत उपलब्ध गराइने छ।
- जेष्ठ नागरिकहरूको स्वास्थ्यलाई ध्यानमा राखी उचित आराम गृहहरू निर्माण गरिने छ।
- निश्चित उमेरका जेष्ठ नागरिकको अनुभवलाई सम्पतिको रुपमा ग्रहण गर्न जेष्ठ नागरिकको अनुभव तथा नेपालको सामाजिक, राजनीतिक, सांस्कृतिक तथा विकासका आयामहरू समेटी ई--भिडियो निर्माण गरि संग्रह गर्न थालिने छ।

**सुशासनः**

- यस नगरपालिकाका गतिविधिलाई चौमासिक रुपमा महालक्ष्मी आवाज नामक बुलेटिन प्रकाशन गरी आम जनतामा सुसुचित गरिने छ।
- ई-सिटिजन चार्टर विद्युतीय नागरिक वडापत्रबाट नगरपालिका तथा वडाबाट प्रदान गरिने सेवाहरूको जानकारी गराईनेछ।
- सेवाप्रवाहलाई सहज , सरल, प्रभावकारी तथा व्यवस्थित बनाउन पदाधिकारी तथा कर्मचारीहरूलाई सीपविकासको रणनीतिलाई अवलम्बन गरिने छ।
- भष्ट्राचारमुक्त सेवाप्रवाहको नीति यस नगरपालिकाको रहने छ।

**सामाजिक विकास र न्यायः**

- विपन्नताको अध्ययन तथा पहिचान गरी विपन्न परिवारलाई परिचय पत्र वितरण गरिने छ।
- फुसको छानोलाई विस्थापित गरी आगमी ५ वर्षभित्र जस्ताको छानोको घरमा रुपान्तरण गर्ने अभियान सञ्चालन गरिने छ।
- गरिव परिवारलाई पहिचानको आधारमा उपचार तथा घर निर्माणमा सहयोग गर्ने नीति अख्तियार गरिनेछ।

**सीप विकासः**

- मानब संशाधनको विकासमा जोड दिईने छ।
- स्थानीय सीप तथा प्रविधिको विकासमा विशेष जोड दिईने छ।
- हस्तकलाका सीपलाई विशेष प्रोत्साहित गरी व्यावसायिक रुपमा अगाडि बढाइने छ।

- छोटो अवधिका सीप विकास सम्बन्धि तालिम सञ्चालन गरी स्वरोजगारीको लागि वातावरण तयार गरिने छ ।
- आमा समूह, भजन समूह आदिको माध्यमबाट महिलाहरूलाई गोलबद्धगरी आयआर्जनमुलक कार्यक्रममा सहभागी गराइ स्वरोजगारको अवसर सिर्जना गरिने छ ।
- सामाजिक न्याय र समानता स्थापनाको लागि लक्षित वर्ग समुदायलाई सशक्त बनाउन बिशेष कार्यक्रम सञ्चालन गरिने छ । महिला, जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग, एकल महिला, युवा आदिवासी जनजाति, दलित, आर्थिक रुपमा विपन्न तथा कमजोर वर्ग समुदायलाई मूल प्रवाहीकरणमा विशेष जोड दिइने ।
- जेष्ठ नागरिकहरू ऐतिहासिक निधी भएकाले उनीहरूको उचित संरक्षण तथा सम्मानका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिने छ ।
- व्यक्तिगत घटनालाई अनलाईन मार्फत गर्दै व्यक्तिगत घटनादर्तालाई व्यवस्थित गर्ने नीति लिईने छ ।
- नगरक्षेत्रका युवाहरूलाई समेटी पत्रकारिताको तालिम दिने व्यवस्था गरिने छ ।
- महालक्ष्मी नगर क्षेत्र भित्र नगर प्रहरीको अवधारणालाई अख्तियार गरि बजार अनुगमन गरी व्यवस्थित गरिने छ ।
- नगर क्षेत्रमा रहेका प्रहरी चौकीहरूको भौतिक संरचाहरूको स्तरोन्नति गरी प्रत्येक वडा कार्यालयहरूरहेको स्थानमा प्रहरी चौकी स्थापनाको लागि जोड दिईने छ । टोलवस्ती सुधार कार्यक्रमलाई सञ्चालन गरिने छ ।

**समाजवादी सवल र दिगो अर्थतन्त्र विकासको लागि सहकारी :**

आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्दै सामाजिक र आर्थिक क्षेत्रमा द्रुत र दिगो विकास गर्दै समाजलाई अग्रगामी दिशामा रुपान्तरण गरेर हाम्रो वर्तमान संविधानले मार्गदर्शन गरे अनुरुप नै संविधानको सर्वोच्चता र कानूनी राज्यमा हुन पर्ने सवै लोकतान्त्रिक मूल्य र मान्यतामा समाजबाद प्रति प्रतिबद्ध रहेर समृद्ध राष्ट्र निर्माण गर्ने दायित्व सवै नेपालीले बहन गर्दै गर्दा देशमा विद्यमान प्रचलित कानून र नयाँ निर्माणाधिन कानूनहरुवाट पथप्रदर्शित हुँदै हामी अघि बढ्ने छौं । अतः सहकारी क्षेत्रको विकासको लागि उच्च महत्व दिएर सवै इच्छुक नागरिकहरुलाई सहकारी खोल्न, त्यसमा संगठित हुन, कानूनले तोकेको निश्चित विधि र मापदण्ड अनुसार सञ्चालन गर्न, उचित दण्ड र पुरस्कार दिन, सहकारी क्षेत्रलाई नमुनायोग्य बनाउन, कृषिफार्म र पशुपालन फार्म, डेरी उद्योग जस्ता पेशामा मात्र होइन संभावित सवै पेशा र व्यवसायमा सहकारी क्षेत्रलाई उच्च महत्व दिदैं आबाशिय विद्यालयहरु, प्राविधिक शिक्षालयहरु, रिसोर्ट-होटल, अस्पताल, यातायात, मेकानिकल वर्कसप, औद्योगिक क्षेत्र, पर्यटन उद्योग सित सम्वन्धीत व्यवसाय, भौतिक निर्माण गर्ने व्यवसायिक फर्म, परामर्शदायी फर्महरु सञ्चालन गर्नका लागि सहकारी संस्थाको माध्यम सर्वोत्तम हुनेछ भन्ने हाम्रो मान्यता रहेको छ ।

तर नेपाल सरकारले सहकारी सम्वन्धी अधिकार संविधानतः स्थानीय तहमा गएको भनि २०७४ श्रावण २ देखि सवै डिभिजन सहकारी कार्यालयवाट सहकारी दर्ता गर्ने अधिकार खोसेको हुँदा र यो नगर क्षेत्र भित्र यो कार्य रोकी राख्दा सार्वभौम जनतालाई सो सम्वन्धी सेवावाट बञ्चीत गर्नु सुशासन विपरित हुने देखिएकोले प्रदेश कानून बनेर यो वारेमा नगरपालिकालाई मार्गदर्शन नगरुञ्जेल र व्यवस्थापिका संसदवाट सहकारी अध्यादेश पारित भै नयाँ सहकारी ऐन नबनुञ्जेल सम्मका लागि पछि आउने कानून अनुसार मिलान गर्ने गरि विद्यमान सहकारी सिद्धान्त मुल्य र प्रचलनमा खलल नपर्ने गरि सहकारी संस्थाको दर्ता गर्ने, आबश्यक तालिमको प्रवन्ध गर्ने, संस्था संचालनमा सहयोग पुऱ्याउने, संस्थाहरुको अनुगमन र मुल्याङ्कन गर्ने,

संस्थाहरुलाई मुल्याङ्कनका आधारमा पुरस्कार र दण्डको व्यवस्था उचित किसिमले गर्दै गर्नका लागि यो सम्मानित र अधिकार प्राप्त नगर सभाको पहिलो बैठकवाट नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्र.सं. २ मा व्यवस्था भएको सहकारी संस्था सम्वन्धी अधिकार उपयोग गरि कार्य गर्ने जिम्मेवारी यो नगर कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ।

- 

**राजश्व परिचालन सम्बन्धि नीतिहरू:**

- नेपालको संविधान २०७२ ले स्थानीय तहलाई प्रदान गरेको २२ वटा अधिकार क्षेत्रभित्र रही श्रोत परिचालनलाई समतामूलक, प्रगतिशील र न्यायपूर्ण पद्धति अपनाई कर तथा राजश्व निर्धारण गरिने छ। सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजश्व अभिवृद्धि गरी कुल बजेटकमा आम्दानीको अंशलाई बढाउँदै लगिने छ।
- स्थानीय सरकारको मेरुदण्ड भनेकै नगरपालिकाको आन्तरिक आय भएकाले संवैधानिक रुपमा प्राप्त भएको परिचालनलाई आतमासाथ गर्दै आन्तरिक आयमा सुधार गर्न एकीकृत सम्पत्ति कर लागु गरी कर प्रणालीलाई बैज्ञानिक तथा व्यवस्थित गरिने छ।
- नगरपालिकाले राजश्व सुधार कार्ययोजना ( Revenue Improvement Action Plan) तयार गरी थप राजश्वका क्षेत्रहरूको पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिवृद्धि गर्ने तर्फ उन्मुख गरिने छ।

**आम्दानीका क्षेत्रको पहिचान तथा खर्चमा मितव्ययिता:**

- नगरपालिकाको विकासको लागि आम्दानी स्रोतको पहिचान महत्वपूर्ण पक्ष रहन जान्छ। आम्दानीका स्रोतको पहिचान सँगै नगरपालिकाले खर्च गर्ने सिलसिलामा मितव्ययी ,पारदर्शीताको सिद्धान्तलाई पूर्णरुपमा पालना गरिने छ।

अध्यक्ष महोदय,

अब म चालु आर्थिक बर्षमा यस नगरपालिकालाई प्राप्त स्रोत र सोको विनियोजन ऐनको बारेमा संक्षिप्त रुपमा प्रकाश पार्न गइरहेको छु।

१. चालु आ.व. ०७४।०७५ को लागि आय निर्धारण गर्दा कुल आन्तरिक आय रु ८१ लाख ४० हजार हुने अनुमान गरिएको छ। त्यसै गरी नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट १६ करोड ६९ लाख २८ हजार, सर्शत अनुदानबाट रु. १२ करोड ७९ लाख ८१ हजार, सामाजिक सुरक्षा भत्ताको रु २ करोड २० लाख, निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट रु १ करोड , जनसहभागिताबाट रु ७० लाख गरी जम्मा ३४ करोड ७१ लाख ९९ हजार को बजेट सीमा तयार गरिएको छ। जसमध्ये चालु खर्च रु २० करोड ५२ लाख ८१ हजार र बाँकी १४ करोड १९ लाख १८ हजार पूँजीगत अन्तर्गत खर्च हुने अनुमान गरिएको छ। जसमध्ये चालु तर्फ ५९.२ प्रतिशत र पुजीगत तर्फ ४०.८ प्रतिशत विनियोजन भएको छ।

उल्लेखित आ.व. २०७४।०७५ को प्रस्तावित बजेटलाई क्षेत्रगतरुपमा देहानुसार विनियोजन गरीएको छ।

| सि नं. | विषयगत क्षेत्र | प्रस्तावित बजेट | कुल बजेटका प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ६७५५००० | ७.२८६ |
| २ | सामाजिक विकास | २०२६४००० | २१.८६ |
| ३ | पूर्वाधार विकास | ५०६५५००० | ५४.६४ |
| ४ | वातावरण तथा पूर्वाधार विकास | ४४७५००० | ४.८२७ |
| ५ | संस्थागत तथा सेवा प्रवाह | १०५६५८८० | ११.४ |
| | जम्मा | ९२७१४८८० | १०० |

| | | |
|---|---|---|
| | | |

चालु खर्च अन्तर्गत सर्शत अनुदानको रकमबाट संचालन गरिने कृयाकलापहरूमध्ये चालु तथा पूँजीगत तर्फका कार्यक्रम केन्द्रबाट विनियोजन भई आएको हुँदा चालु र पुँजीगत एकिन गर्न नसकिएकोले कुल वजेटमा चालु खर्च तर्फ राखिएको छ ।

२. माथि पेश गरिएको आय विवरणमा सामाजिक सुरक्षा भत्ता तर्फको वजेट अनुमानित रुपमा प्रस्तुत गरिएको छ ।

३. स्थानीय तहलाई प्राप्त २२ वटा अधिकारको क्षेत्र भित्रबाट प्राप्त हुने आन्तरिक आय अनुमानमा अझै स्पष्टता नआइसकेकोले राजश्व बाँडफाँडबाट प्राप्त हुने आय लगायत मालपोत रजिष्ट्रशन शुल्क,जिल्ला निकासी बापतको कर, लेगुवा खोलामा लगाईएको ठेक्का कसरी कायम हुने र प्राप्त हुने भन्ने एकिन नभइसकेको देखिन्छ ।

**अध्यक्ष महोदय,**

योजना तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा त्यसको सफल कार्यान्वयन गर्नु हाम्रो लागि चूनौतिको विषय हो । अर्को तर्फ योजनाको कार्यान्वयन गर्दा त्यसको गुणस्तर कायम गर्ने तथा समयमा नै सम्पन्न गर्नु पनि त्यतिकै चूनौतिको विषय रहेको छ । यस तर्फ आगामी दिनहरूमा सभासदज्यूहरूबाट सहयोगको अपिल गर्दछु । विकासका कार्यक्रम के कति सम्पन्न गऱ्यौ भन्दा पनि त्यसबाट नागरिकको जीवनमा हामीले के कति परिवर्तन ल्यायौ, त्यो नै महत्वपूर्ण विषय हो । यस तर्फ पनि सबै सदस्यज्यूहरूले मनन गर्नु हुने छ र भावी दिनमा सम्बृद्ध र सु-संस्कृत महालक्ष्मी नगर पाकिा बनाउन सबै राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, पेशागत संस्थाका महानुभावहरू, शिक्षक, पत्रकार लगायत सबै महालक्ष्मीबासीमा हार्दिक अपिल गर्दछु ।

यस महालक्ष्मी नगरपालिकाको प्रथम ऐतिहासिक नगर अधिवेशनको संचालन र व्यवस्थापनका लागि भएका निर्णयहरु, नियमावली, कार्यविधी, निर्देशिका , मापडण्ड, संहिता, संरचना तथा दरवन्दीमा समेत थाप परिमर्जन, संशोधन, सुधार वा खारेजी नभए सम्मकालागि सोही बमोजिम कार्यन्वयनमा लैजाने प्रस्ताव स्विकृतिका लागि पेश गरेको छु ।

अन्त्यमा यो नीति , बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन गर्नु हुने कार्यपालिका समितिहरु, वडा अध्यक्ष, नगर कार्यपालिकाका सदस्य, नगर सभाका सदस्यहरु र नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति आभार प्रकट गर्दै सफल कार्यन्वयनको लागि पूर्ण सहयोग पाउने विश्वास गर्दछु ।

अन्तमा १५ बर्ष पछि स्थानीय तहले आफ्नो विकास निर्माणका योजना आफै बनाई, आफ्नो स्थानको विकास आफैले गर्ने शुरुवातको यस विशिष्ट अवसरमा नगरसभाका सदस्यज्यूहरू, राजनैतिक दलका पदाधिकारीहरू, कर्मचारी साथीहरू, सञ्चारकर्मी साथीहरू, विभिन्न पेसा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जन बृन्दमा म महालक्ष्मीनगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**जय महालक्ष्मी !**